# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६


च.नं.: २०७७/०७८ मिति : २०७७/१२/०१
प.सं. : २१४९

विषय : राष्ट्रपति रनिङ्ग शिल्ड तथा नगर प्रमुख कप खेलकुद प्रतियोगिता संचालन सम्बन्धमा ।

श्री सबै (सामुदायिक तथा संस्थागत दुवै) विद्यालयहरु
चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

प्रस्तुत विषयमा यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) ले राष्ट्रपति रनिङ्ग शिल्ड तथा चौथो नगर प्रमुख कप, खेलकुद प्रतियोगिता २०७७ तपसिलमा उल्लेखित खेल तालिका बमोजिम संचालन गर्ने भएकोले खेलकुदमा भाग लिनका लागि तपसिलमा उल्लेख भए बमोजिम आवश्यक तयारी तथा व्यवस्था गर्नु तथा गराउनुहुन नगर शिक्षा समितिको २०७७/११/२१ गतेको निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. कार्यक्रम उद्घाटन मिति : २०७७/१२/११ गते विहान ९:०० बजे

२. स्थान : शितल माध्यमिक विद्यालय चौरजहारी न.पा.२, रुकुम (पश्चिम) ।

३. फाइल दर्ता मिति : २०७७/१२/०७ गते बेलुका ५ बजेसम्म नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा (तोकिएको समयावधीभित्र फाइल दर्ता नगराउने विद्यालयलाई खेलमा समावेश गरिने छैन ।

फाइल दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका, २०७० (चौथो संशोधन समेत) को अनुसूची १ बमोजिमको फाराम ।
- जन्मदर्ता प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- पासपोर्ट साइजको फोटो १ प्रति ।
- विद्यालयको खेलाडी सिफारिस पत्र ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६


## ४. खेलकुद तालिका

| संचालन हुने खेल | खेल संचालन हुने मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|
| क.भलिबल तर्फ मा.वि तह (९-१२) | | | | |
| भलिबल : छात्र | २०७७/१२/११ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| भलिबल : छात्रा | २०७७/१२/११ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| ख. एथ्लेटिक्स तर्फ | | | | |
| आधारभुत तह (१-५) | | | | |
| ट्र्याक तर्फ : दौड-छात्र २०० मि. | २०७७/१२/१२ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| ट्र्याक तर्फ : दौड-छात्रा २०० मि. | २०७७/१२/१२ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| हिसाव दौड : छात्र १०० मि. | २०७७/१२/१२ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| हिसाव दौड : छात्रा १०० मि. | २०७७/१२/१२ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| आधारभुत तह (६-८) | | | | |
| ट्र्याक तर्फ : दौड-छात्र १०० मि./२०० मि./४*१०० मि. | २०७७/१२/१२ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| ट्र्याक तर्फ : दौड-छात्रा १०० मि./२०० मि./४*१०० मि. | २०७७/१२/१२ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| फिल्ड तर्फ : छात्र-लङ्गजम्प, हाइजम्प | २०७७/१२/१२ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| फिल्ड तर्फ : छात्रा-लङ्गजम्प, हाइजम्प | २०७७/१२/१२ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| संचालन हुने खेल | खेल संचालन हुने मिति | समय | स्थान | कैफियत |
|---|---|---|---|---|
| मा.वि.तह (९-१२) | | | | |
| ट्र्याक तर्फ : दौड-छात्र १०० मि./२०० मि./३००० मि. /४*१०० मि. | २०७७/१२/१३ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| ट्र्याक तर्फ : दौड-छात्र १०० मि./२०० मि./१५०० मि. /४*१०० मि. | २०७७/१२/१३ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| फिल्ड तर्फ : छात्र- लङ्गजम्प, हाइजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम र सटफुट १२ पाउण्ड | २०७७/१२/१३ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |
| फिल्ड तर्फ : छात्र- लङ्गजम्प, हाइजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउण्ड | २०७७/१२/१३ | विहान ठिक ११:०० वजे | शितल मा.वि.को प्राङ्गण | |

५. कार्यक्रम समापन : २०७७/१२/१४ गते विहान ११:०० बजे

६. गैर विद्यार्थी तथा १८ वर्ष भन्दा बढी उमेर समूहका विद्यार्थी सहभागी गराएमा सम्बन्धित विद्यालयलाई अनुशासन सम्बन्धी कारवाही स्वरुप सबै खेलबाट निस्कासन गरिनेछ ।

७. प्रतियोगितामा सहभागी खेलाडी/विद्यार्थीहरुले एक खेल विधामा मात्र सहभागी हुन पाउनेछन ।

८. भलिबल छात्र/छात्रा दुवै तर्फ नकआउट पद्धतिमा संचालन हुनेछ ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

☎ ०८८-४०११४६

९. एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा एक/एक समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा एक/एक जना खेलाडीहरुलाई मात्र सहभागी गराउन सक्नेछन् ।

१०. प्रत्येक विद्यालयले भलिबल खेल तर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरुलाई सहभागी गराउनुपर्नेछ ।

११. तोकिएको समयमा खेलाडी खेलमा सहभागी नभएमा स्वतः खेलबाट निस्कासन भएको मानिनेछ ।

१२. खेल अवधिभर कुनैपनि अवाञ्छित, उच्छृङ्खल र अनुशासनहीन क्रियाकलाप गर्न पाइने छैन । कुनै विद्यालयका कुनै खेलाडी/विद्यार्थीहरुले अवाञ्छित, उच्छृङ्खल र अनुशासनहीन क्रियाकलाप गरेको पाइएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक पूर्ण रुपमा जिम्मेवार हुनुपर्नेछ ।

२०८०/१२/०९

राम बहादुर के.सी.
प्रमुख प्रशासकिय अधिकृत

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत